नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८२/०८३
च.नं. :- ३२०

मिति :- वि.सं. २०८२/१०/२५
ने.स. :- ११४६ सिल्लागा, ७ आइतवार

**विषय: २०८२ फाल्गुण महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।**

श्री सम्पादक/प्रकाशकज्यू,
प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाहरु (सबै) ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८२ साल फाल्गुण महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ र देहाय बमोजिमका गर्नु/गराउनु हुन साथै सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी नहुने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**देहाय:**

१. निर्वाचनसम्बन्धी शिर्षकका विज्ञापनलाई प्राथमिकताका साथ प्रकाशित गर्नु हुन।
२. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन।
३. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८२ साल फाल्गुण महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन।
४. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन।
५. २०८२ फाल्गुण महिनाको लोककल्याणकारी विज्ञापन प्रकाशन गरिएका पत्रिका, सोको विल २०८२ चैत्र ७ गतेभित्र अनिवार्य रुपमा बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा भुक्तानीको लागि पेश गर्नु हुन।
६. भुक्तानी माग गर्दा आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु हुन।

२०८२/१०/२५

(डिल्लीराम सुवेदी)
शाखा अधिकृत

**शाखा अधिकृत**
**विज्ञापन बोर्ड**

**बोधार्थ:**
श्री हुलाक निर्देशनालय/श्री जिल्ला हुलाक कार्यालय,
छापामाध्यममा लोककल्याणकारी विज्ञापन भुक्तानी दिने (सबै)

१. उक्त वापतको रकम भुक्तानी गर्दा आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र अनिवार्य गर्नु हुन।
२. विज्ञापन प्रकाशन तथा प्रसारण वापतको रकम भुक्तानी गर्दा ३ प्रतिशत रकम अनिवार्य कट्टा गरी विज्ञापन कोषमा जम्मा गर्नु हुन।

CamScanner

# निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं।

❖गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।

❖कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स - एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।

❖निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।

❖निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।

❖एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।

❖निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।

❖ प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।

❖ मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।

❖ निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।

❖ निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मतदान किन गर्ने?

- ❖लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- ❖योग्य जनप्रतिनिधिको छनौट गर्न।
- ❖नागरिक कर्तव्य निर्वाह गर्न।
- ❖जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- ❖निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- ❖ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

❖ कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।

❖ कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।

❖ निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।

❖ निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।

❖ निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचनलाई वातावरणमैत्री बनाऔं।

❖ सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।

❖ निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।

❖ निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।

❖ निर्वाचन् प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।

❖ निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।

❖ निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।

❖ निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।

❖ निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजातन्त्रका आधारभूत पक्ष

- ❖संवैधानिक सर्वोच्चता।
- ❖बहुलवादको सम्मान।
- ❖विधिको शासन।
- ❖शक्ति पृथकीकरण।
- ❖आवधिक निर्वाचन।
- ❖मौलिक हक।
- ❖मानव अधिकार।
- ❖प्रेस तथा वाक स्वतन्त्रता।
- ❖सामाजिक न्याय तथा समावेशीकरण।
- ❖आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं।

- ❖ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- ❖ आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो।
- ❖ शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो।
- ❖ मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन्।
- ❖ प्रतिनिधिहरूमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो।

**प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं।**

**राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजातन्त्रको सम्मान गरौं।

- ❖राज्यशक्तिका स्रोत जनता हुन्।
- ❖निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
- ❖आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
- ❖नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
- ❖प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
- ❖कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
- ❖शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
- ❖सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
- ❖सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।

प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं।

❖ जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीवन्दीको खोजी कार्य भइरहेको छ।

❖ फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ।

❖ सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।

❖ फरार कैदीवन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो।

❖ सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ।

फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं।

निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।

❖गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
❖स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
❖गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं।
❖बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं।
❖छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
❖बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
❖राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पाठेघरको मुखको क्यान्सरका लक्षण

❖अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु।
❖योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
❖शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
❖शारीरिक सम्बन्धपछि रगत बग्नु।
❖तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
❖पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
❖शरीर कमजोर हुनु।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# तनाव व्यवस्थापनका तरिका

- ❖नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- ❖परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- ❖पर्याप्त निन्द्रा र आराम गरौं।
- ❖स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- ❖आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- ❖काम र विश्रामबीचको सन्तूलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तनाव व्यवस्थापनमा परिवारको भूमिका

❖परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।

❖स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।

❖सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।

❖घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।

❖जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।

❖साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

**आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सडक प्रयोग गर्दा ध्यान दिऔं।

❖सडक सीमा अतिक्रमण नगरौं।

❖सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।

❖सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।

❖सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।

❖सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।

❖सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।

❖सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।

❖जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।

❖सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड